# सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अर्न्तगत स्नातकोत्तर तह
द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
आंशिक आवश्यकता परिपूर्तिको निम्ति शैक्षिक
योजना तथा व्यवस्थापन
विभागमा प्रस्तुत

## शोधपत्र


शोधार्थी

चक्रबहादुर लामा

एम.एड. : दोस्रो वर्ष

त्रि.वि.वि. दर्ता नं. : ५८३३४-८८

क्याम्पस रोल नं. : १२४

परीक्षा रोल नं. २१४००७९/२०६६


प्रस्तुत


सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


माघ, २०६८

# प्राक्कथन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्धितीय वर्षको आंशिक आवश्यकता परिपूर्ति गरी स्नातकोत्तर तहको उपाधि प्राप्त गर्ने प्रयोजनको लागि तयार गरिएको हो । यो शोध "सामुदायिक विद्यालयमा  कर्मचारी व्यवस्थापन" शीर्षकमा तयार पारिएको हो ।

यस शोध अध्ययनमा अत्यन्त सद्भावपूर्ण वातावरणमा निर्देशन, सल्लाह, सुझाव र पथप्रदर्शन प्रदान गर्नुभई अध्ययन कार्यलाई सफल पार्न सहयोग गर्नुहुने आदरणीय गुरू शोध निर्देशक अशोक बस्नेतज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । आवश्यक सल्लाह, सुझाव सहित यस शोध कार्यमा सहभागी हुने अवसर प्रदान गर्नु हुने विभागीय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठज्यूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

विद्यालय स्थलगत अध्ययन गर्ने क्रममा अत्यन्तै सहयोगी र मित्रवत व्यवहार गरी अध्ययन कार्यलाई सहज बनाइदिनु हुने विभिन्न नमूना विद्यालयका कर्मचारीहरू, प्रधानाध्यापकज्यूहरू साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरूप्रति हार्दिकता प्रकट गर्न चाहन्छु । यस शोध अध्ययनको क्रममा विषयवस्तुसँग सम्बन्धित विभिन्न प्रकारका आवश्यक सामग्री उपलब्ध गराई सहयोग पु¥याउने सुकुना बहुमुखी क्याम्पस परिवार तथा पुस्तकालयलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र तयारीका क्रममा थप हौसला प्रदान गरी सहयोग गर्ने श्रीमती हरिकुमारी लामा, कम्प्यूटर टङ्कन कार्यमा सहयोग गर्नुहुने फलैंचा डेस्क्टप एण्ड प्रिन्टिङ प्रेस उर्लाबारीका दुर्गा प्रसाद शिवाकोटीलाई समेत धन्यवाद दिन चाहन्छु ।

चक्रबहादुर लामा

एम.एड., दोस्रो वर्ष

# शोधसार

**सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापन** शीर्षकमा यो शोधपत्र तयार गरिएको छ। सामुदायिक विद्यालयको कर्मचारी व्यवस्थापनको लेखाजोखा गर्नु यस शोध अध्ययनका मूख्य उद्देश्य रहेकोछ।

शोध अध्ययनलाई पूर्णता दिनको निम्ति तथ्य तथ्याङ्क संकलन गर्ने क्रममा गुणात्मक र परिमाणात्मक दुबै किसिमको मिश्रित ढाँचाको प्रयोग गरिएको छ। प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई वर्णात्मक र विश्लेषाणात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ। मोरङ जिल्लाको श्री सौँठा उ.मा.वि. सिजुवा स्रोतकेद्र अन्तर्गतका ३० वटा विद्यालयहरूमा कार्यरत विद्यालय कर्मचारी, प्रधानाध्यापकहरू र वि.व्य.स. अध्यक्षहरूलाई यस शोध अध्ययनको जनसंख्याको रुपमा लिएको छ। ३० वटा विद्यालयहरूमध्येबाट ४ वटा मा.वि.हरूलाई उद्देश्यमुलक छनौट विधिबाट छनौट गरी उक्त विद्यालयहरूमा कार्यरत विद्यालय कर्मचारीहरू, प्रधानाध्यापकहरू तथा व्यवस्थापन समितिका अध्यक्षहरूलाई नमूना जनसंख्याको रूपमा लिएको छ। नमूना जनसंख्याका रूपमा रहेका विद्यालय कर्मचारी, प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई खुल्ला तथा बन्द प्रश्नावली र स्थलगत सर्वेक्षणबाट प्राथमिक तथा द्धितीय दुबै किसिमका तथ्याङ्कहरू संकलन गरिएको छ।

सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीको दरबन्दी नभएको र विद्यालय कर्मचारीलाई सरकारले प्राथमिकताका साथ चासो नलिएको अवस्था देखिएको हुंदा यस अनुसन्धानका क्रममा सामुदायिक विद्यालयका कर्मचारी व्यवस्थापनमा सरकारी नीति, नियम स्पष्ट नभएको पाइयो। विद्यालयले आन्तरिक रुपमै भए पनि निश्चित मापदण्ड निर्माण गरी खुल्ला प्रतिस्पर्धाबाट कर्मचारी भर्ना, छनौट तथा नियुक्ति गरेको पाइयो। विद्यालयको आर्थिक पहुँच अनुसार कर्मचारी संख्या तथा तलव मान निर्धारण गरेको पाइयो। सामुदायिक विद्यालयका कर्मचारीहरू अत्यन्त न्यून तलव सुविधामा काम गरिरहेको उनीहरूले सरकारी सेवा सुविधा नपाएको पाईयो। सरकारले यी कर्मचारीहरूको हकमा न्यूनतम तलवमान निर्धारण गरी यसलाई अध्यावधिक गरेको पाइएन। सामुदायिक विद्यालयका कर्मचारीहरूलाई व्यवस्थित गर्न कुनै ऐन, नियम, कानून, निर्देशिका नभएको र उनीहरूको व्यक्तिगत अभिलेख विवरण समेत स्पष्ट नराख्ने

गरिएको पाईयो । अन्य सरकारी कर्मचारी र शिक्षक दुवैबाट सेवा सुविधाको हिसावले विद्यालय कर्मचारी निक्कै पछाडि रहेको पाइयो ।

विद्यालय कर्मचारीको भर्ना, छनौट, नियुक्ति जस्ता संवेदनशील र महत्वपूर्ण प्रकृयालाई राज्यले निश्चित मापदण्ड तयार गरी पूर्णरुपले जिम्मा लिनुपर्दछ । विद्यालय कर्मचारीको न्यूनतम तलवमान तथा सेवासुविधाको बारेमा निश्चित आधार निर्धारण गरी नेपाल सरकारले यथाशिघ्र कार्यान्वयन गर्नुपर्दछ । विद्यालय कर्मचारीको तलवमान तथा सेवा सुविधाको केन्द्रीय तहबाट क्षेत्र, जिल्ला हुंदै विद्यालय तहसम्म कार्यान्वयान हुनुपर्दछ र विद्यालय कर्मचारीहरूको तलव भत्ता राज्यकोषबाट वितरण हुनुपर्दछ । सेवाकालीन र सेवानिवृत पारिश्रमिक, सेवा सुविधाको ग्यारेन्टी, शिक्षक तथा निजामति कर्मचारी सो-सरह हुनुपर्दछ । सामूदायिक विद्यालयका कर्मचारीको सेवासुविधा व्यवस्थित गर्न, विद्यालय कर्मचारी नियुक्ति सरुवा, बढुवा र अवकाश आदिको लागि निश्चित निर्देशिका सम्वन्धित पक्षले अविलम्व तयार गर्नुपर्दछ । विद्यालय कर्मचारीलाई माथि उल्लेखित शर्तहरू दिलाउने कार्यका लागि विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति लगायत सम्बन्धित सबै पक्षबाट पहल गर्नुपर्दछ । विद्यालय कर्मचारीले आफ्नो हक अधिकार प्राप्तिको निम्ति सम्बन्धित सरोकारवालाहरूको ध्यान आकृष्ट गर्नको निम्ति प्रजातान्त्रिक ढंगबाट दवाबमूलक कार्यक्रमहरू अघिसार्नु पर्दछ ।

# विषय सूची


| क्र.सं. | पृष्ठ |
|---|---|
| शिफारिस पत्र | I |
| स्वीकृत पत्र | II |
| प्राक्कथन | III |
| शोधसार | IV-V |
| विषय सूचि | VI-VIII |
| तालिका सूचि | IX |
| चित्र सूचि | X |
| संक्षिप्त शब्दको पूरा रूप | XI |

**परिच्छेद एक : परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | २ |
| १.३ अध्ययनको औचित्य | ३ |
| १.४ अध्ययनको उद्देश्य | ४ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ४ |
| १.६ अध्ययनको परिसीमा | ५ |
| १.७ सम्बन्धित शब्दावलीहरूको अर्थ र परिभाषा | ६ |

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १४ |
| २.३ अध्ययनको शैक्षिक उपादेयता | १७ |

## परिच्छेद तीन : अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा १९

३.२ तथ्याङ्क संकलन प्रक्रिया १९

३.२.१ जनसंख्या २०

३.२.२ नमूनाको आकार २०

३.२.३ नमूना छनौट विधि २०

३.२.४ नमूना छनौटका आधारहरू २१

३.३ अनुसन्धानका साधनहरू २१

३.४ तथ्याङ्कको स्रोत २१

३.५ तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या २२


## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१ विद्यालयकर्मचारीको भर्ना तथा छनौट प्रकृया २३

४.१.१ कर्मचारी छनौटका आधारहरू २३

४.१.२ विद्यालयमा कार्यरत कर्मचारी विवरण २६

४.१.३ विद्यालयका कर्मचारीहरूको कार्य क्षेत्र र भूमिका २७

४.१.४ विद्यालय कर्मचारीको सेवा, सुविधा तथा पारिश्रमिक २८

४.२ विद्यालय कर्मचारी व्यवस्थापनका समस्याहरू ३०

४.२.१ विद्यालय कर्मचारीको पेशागत सुरक्षा ३२

४.२.२ विद्यालय कर्मचारीको कार्यभार र विदाको प्रावधान ३३

४.२.३ विद्यालय कर्मचारीको अतिरिक्त सेवा सुविधा ३५

४.२.४ विद्यालय कर्मचारीको सेवा, सुविधा सम्बन्धी सरकारी नीति ३६

४.२.५ विद्यालय कर्मचारीको निर्णय प्रकृयामा सहभागिता ३७

४.२.६ विद्यालय कर्मचारीको कार्यदक्षता र आत्मा सन्तुष्टी ३९

४.३ विद्यालय कर्मचारी व्यवस्थापन प्रभावकारी बनाउंने उपायहरू ३९
४.३.१ कर्मचारी व्यवस्थापनमा स्पष्ट सरकारी नीति ४०
४.३.२ विद्यालय कर्मचारीको कार्यभार तथा सेवा सुविधाको सुनिश्चिचता ४१
४.३.३ विद्यालय कर्मचारीको कार्यदक्षतामा बृद्धि तथा निर्णय पक्रियामा सहभागिता ४१
४.३.४ कर्मचारीको पेशागत संगठन र सरोकारवाला मार्फत सरकारको ध्यानाकर्षण ४

## परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझाव

५.१ प्राप्ती ४४
५.२ निष्कर्ष ४८
५.३ सुझावहरू ५०

**सन्दर्भ सूची** **XII**

**अनुसूचीहरू** **XIII-XVII**

# तालिका सूची


क्र.सं. पृष्ठ

१. जनसंख्या नमूनाको आकार २०

२. विद्यालय कर्मचारी छनौटका आधार २४

३. नमूना विद्यालयमा कार्यरत कर्मचारीहरूको विवरण २६

४. विद्यालय कर्मचारीको सेवा सुविधा तथा पारिश्रमिक २८

५. स्थायी र अस्थायी कर्मचारीको अनुपात ३२

६. विद्यालय कर्मचारीको कार्य घण्टा र बिदा सम्बन्धी समस्या ३४

७. विद्यालय कर्मचारीले पाउने अन्य सेवा सुविधा ३५

८. विद्यालय कर्मचारीको सेवा सुविधा सम्बन्धी सरकारी नीति ३६

९. निर्णय प्रकृयामा सहभागिता विवरण ३८

१०. विद्यालय कर्मचारीको कार्यदक्षता र आत्मा सन्तुष्टीमा देखिएका समस्या ३९

# चित्र सूची


| क्र.सं. | पृष्ठ |
|---|---|
| १. स्थायी र अस्थायी कर्मचारीको अनुपात | ३३ |
| २. विद्यालय कर्मचारीले पाउने अन्य सेवा सुविधा | ३५ |
| ३. विद्यालय कर्मचारीको सेवा सुविधा सम्बन्धी सरकारी नीति | ३७ |

## संक्षिप्त शब्दको पूरा रुप

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| क.सं. कोष | कर्मचारी संचय कोष |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| त.भ. | तलब भत्ता |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.स. | विक्रम सम्वत् |